बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ,नवलपरासी(ब.सु.पू.)

गण्डकी प्रदेश, नेपाल

प.स.: २०७९/८०

च.नं.:

V32P+FV Dedhgaun

## प्राबिधिक शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०७/१८**

प्रस्तुत बिषयमा यस गाउँपालिकाको आ.व.२०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रमबाट यस गाउँपालिकामा स्थायी रुपमा बसोबास गरी यसै गा.पा.को सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण गरी बिभिन्न विद्यालय/शिक्षालयमा अध्ययनरत जम्मा ४२ जना बिद्यार्थीहरुलाई मासिक रु ५,००० (पाँच हजार) का दरले त्रैमासिक रुपमा जुनसुकै प्रकारको प्राबिधिक शिक्षा अध्ययनरत जेहेन्दार तथा बिपन्न विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिने भएकाले छात्रवृत्ति लिन इच्छुक विद्यार्थीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र **प्राबिधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९** को अनुसूची -१ बमोजिमको छात्रवृत्ति आवेदन फाराम भरी तपसिलको कागजातका साथ शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवस्यक कागजातहरु :

१. कक्षा १० (SEE ) उत्तीर्ण गरेको ग्रेड सिट र प्रमाणपत्रको प्रतिलिपि ।
२. प्राबिधिक विद्यालय/शिक्षालयको प्रवेश परीक्षामा उत्तीर्ण गरी नियमित अध्ययन गरिरहेको र अन्य कुनै प्रकारको छात्रवृत्ति पाए/नपाएको भनी विद्यालयको सिफारिस पत्र ।
३. बौदीकाली गाउँपालिकाको स्थायी बासिन्दा तथा बिपन्न परिवारको विद्यार्थी हो भनी सम्बन्धित वडाको सिफारिस पत्र ।

२०७९-०७-१८

राम प्रसाद अधिकारी
शिक्षा अधिकृत

@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 9857046264

## अनुसूची-१

## प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति आवेदन फारमको ढाँचा

| |
|---|
| दुवै कान देखिने हाल सालै खिचेको पासपोर्ट साइजको रंगिन फोटो |

मितिः-.........................

श्रीमान् संयोजक ज्यू,

छात्रवृत्ति संचालन तथा व्यवस्थापन समिति,

बौदीकाली गाउँपालिका, नवलपरासी (ब.सु.पू) ।

**विषयः प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति उपलब्ध गराई पाउँ।**

प्रस्तुत विषयमा ताहाँ गउँपालिकाबाट मिति................................ प्रकाशित प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धि सूचना बमोजिम नवलपरासी (ब.सु.पू.) जिल्ला बौदीकाली गाउँपालिकाको वडा नं. ............................ मा स्थायी निवासी................................ को नाती/नातिनी......................................... तथा .........................................को छोरा/छोरी म निवेदक ...............................................ले ................................................................... विद्यालयमा .................................. विषय लिई प्राविधिक शिक्षा अध्ययन गरिरहेको साथै आर्थिक रुपमा विपन्न तथा जेहेन्दार विद्यार्थी समेत भएकाले ताहाँ गाउँपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति पाउँ भनि श्रीमान् समक्ष यो निवेदन पेश गर्दछु।सूचनामा माग भए बमोजिमका प्रमाणित गरि कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको छु ।

निवेदकः

नामथरः

दस्तखतः

ठेगानाः